# छेक्यो छेक्यो देउराली डाँडा गीतमा लयव्यवस्था

**राजु भुसाल, उपप्राध्यापक नेपाली विभाग, बुटबल बहुमुखी क्याम्पस**
Email : rajubhusal370@gmail.com

**सार**

प्रस्तुत लेखमा नेपथ्य समूहबाट निकालिएको ‘छेक्यो छेक्यो देउराली डाँडा’ गीतलाई लयविधानका दृष्टिले विश्लेषण गरिएको छ । ध्वनिहरूको विन्यासबाट लयको सिर्जना हुन्छ । कैयौं ध्वनिहरूको उच्चारणगत विशेषता मिल्दोजुल्दो हुन्छ र यस्तो उच्चारणगत विशेषताको एकत्वबाट लयको सिर्जना हुन्छ । गीतमा प्रयोग भएको ध्वनि संयोजन, ध्वनि र शब्दको उच्चारणमा हुने आरोह अवरोह, निश्चित ठाउँमा दिइने जोड, आघात, अर्धविराम तथा पूर्णविरामको स्थिति आदि लयको सिर्जना गर्ने आधार हुन् । गीतको मूल्याङ्कन गर्ने महत्वपूर्ण आधार पनि लय नै हो । यो लेख ‘छेक्यो छेक्यो देउराली डाँडा’ गीतलाई लयविधानका दृष्टिले विश्लेषण गर्ने सन्दर्भमा केन्द्रित छ । प्रस्तुत लेखमा पङ्ति विन्यास, आवृत्ति/समानान्तरता, शाब्दिक सहविन्यास र विचलन तथा विलोपन गीत विश्लेषण गर्ने आधार बनेर आएका छन् । ‘छेक्यो छेक्यो देउराली डाँडा’ गीतमा भाषाको लघुत्तम एकाइ वर्णदेखि शब्द, वाक्यांश र वाक्यको आवृत्तिले लयको साङ्गीतिक प्रवाह सिर्जना गरेको र विचलनका माध्यमले खासखास शब्दमा जोड दिएर विशिष्ट लयको सिर्जना भएको निष्कर्ष निकालिएको छ ।

*शब्दकुञ्जी* : लयविधान, समाख्याता, सङ्कथन, मनोवादात्मक, एकालापीय, साङ्केतिक, प्रतिज्ञप्तिसूचक

लेखसम्बन्धी विवरण : लेख प्राप्त मिति : २०८०/०९/१२, लेख पुनरावलोकन मिति : २०८०/१२/२५, लेख स्वीकृत मिति : २०८१/०४/१४ । प्रकाशक : त्रि वि प्राध्यापक संघ, महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगर, एकाइ समिति ।

## विषयपरिचय

प्रस्तुत ‘छेक्यो छेक्यो देउराली डाँडा’ नेपथ्य समूहबाट निकालिएको बहुचर्चित गीत हो । प्रस्तुत गीतमा स्थायी र अन्तरा गरी चार अनुच्छेद या गीतिगुच्छा रहेका छन् । यस गीतमा एकालापीय वा मनोवादात्मक रूपमा समाख्याताको मार्मिक अभिव्यक्ति प्रकट भएको छ । यस गीति सङ्कथनको समाख्याता एक युवक रहेको छ र यसमा उसको आत्मकथन वा भावना एकोहोरो तरिकाले अभिव्यक्त भएको छ । गीतको यस संसारमा सन्दर्भपात्रका रूपमा एक युवती आएकी छे तर युवती श्रोता या पाठकका सामु आएकी  छैन । गीत समाख्याता पात्र युवकले भने पनि युवतीको सक्रियता शून्य नभएर आंशिक सक्रिय छ । यसमा समाख्याता युवकले पाठक या श्रोतालाई सोझै सम्बोधन नगरी आत्मस्पष्टीकरण प्रस्तुत गर्दै अप्रत्यक्ष रूपमा पाठकसँग आफ्नो स्थितिलाई स्पष्ट पारेको छ ।

## अध्ययनविधि

प्रस्तुत लेख गुणात्मक अनुसन्धान पद्धतिमा आधारित रहेको छ । पाठनिर्मितिमा लयको उपस्थिति तथा लयात्मकता सिर्जना हुनुको आधारको विश्लेषण गरिने यो लेख पाठको शिल्पसँग सम्बन्धित विषयको विश्लेषणमा केन्द्रित रहने भएकाले यो विषयवस्तु विश्लेषणमा आधारित अनुसन्धान हो । प्रस्तुत ‘छेक्यो छेक्यो देउराली डाँडा’ गीति सङ्कथनको विश्लेषण गर्नाका लागि पुस्तकालयीय स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । आवश्यक सामग्रीको सङ्कलन मुख्यत : प्राथमिक र द्वितीयक स्रोतबाट नै गरिएको छ ।  प्राथमिक स्रोतअन्तर्गत मुख्यत : नेपथ्य समूहबाट निकालिएको ‘छेक्यो छेक्यो देउराली डाँडा’ बोल गीतको रहेको छ भने द्वितीयक स्रोतअन्तर्गत सङ्कथन विश्लेषणसँग मिल्दाजुल्दा अन्य गीतका विश्लेषणलाई उपयोग गरिएको छ । प्रस्तुत गीतको सङ्कथन विश्लेषण गर्न मुख्यतः सङ्कथन विश्लेषणको सिद्धान्तलाई

आधार बनाइएको छ। यस क्रममा सङ्कथन विश्लेषणका  अन्य पक्षलाई भन्दा बढी भाषिक पक्षलाई आधार बनाइएको छ। यस क्रममा आवश्यकताअनुसार वर्णनात्मक, व्याख्यात्मक र विश्लेषणात्मक विधिको पनि उपयोग गरिएको छ।

**सैद्धान्तिक पर्याधार**

नेपालीमा 'डिस्कोर्स' (discourse) को समानार्थी पारिभाषिक शब्द सङ्कथन हो । सङ्कथन एउटा सिङ्गो भाषिक अभिव्यक्ति हो। यो एक सारवाक्यका रूपमा वा यसभन्दा माथिको जुनसुकै तहको संरचनाका रूपमा रहेको हुन्छ। कुनै गम्भीर भाषण वा कुनै विषयमा भएको निश्चित लेखन, कुनै गम्भीर कुराकानी कुनै पनि कथन वा लेखनमा जोडिएको भाषिक अभिव्यक्तिलाई सङ्कथन भनिन्छ (गौतम, २०६८, पृ.५७१) । भाषामा टेकेर गरिएको सिङ्गो अर्थको खोजी नै सङ्कथन हो भने यही भाषालाई आधार मानेर भाषाले समेट्न सक्ने अर्थहरूको खोजी गर्नु नै सङ्कथन विश्लेषण हो। सङ्कथन विश्लेषणमा कथ्य भाषा, साङ्केतिक भाषा तथा लेख्य भाषामा भएका अभिव्यक्तिहरूको अध्ययन हुन्छ र कथ्य, लेख्य वा साङ्केतिक स्तरमा प्रयोग हुने प्रयुक्तिहरूको समायोजन यस्ता सङ्कथनमा कसरी हुन्छ र भएको छ त्यसको पनि अध्ययन हुन्छ (गौतम, २०६८, पृ.५७१)। सङ्कथनमा अर्थ कसरी ग्रहण गर्ने भन्ने कुरा महत्त्वपूर्ण हुन्छ। के छ ? किन छ ? कसरी छ ? भन्ने कुरामा केन्द्रित भएर सङ्कथन विश्लेषण गरिन्छ। सङ्कथन विश्लेषण अन्तर्विषयक अध्ययन हो। यसको प्रवृत्ति बहुपक्षीय भएकाले विश्लेषणका क्रममा सङ्कथनको पाठपरक अर्थसँग संज्ञानात्मक, सामाजिक, राजनैतिक, ऐतिहासिक आयामहरूलाई पनि एकीकृत गर्नुपर्छ (एटम, २०७४, पृ.२४१) । सङ्कथन विश्लेषणमा संरचना संबद्धता र पाठगत भाषिक रूपको खोजी गरिन्छ। पाठगत भाषिक रूप प्रतिज्ञप्तिसूचक (सन्दर्भ) र अप्रतिज्ञप्तिसूचक (सन्दर्भिक) हुन्छन्। सङ्कथनको कुनै घटना, विषय, अवधारणाको कुनै निश्चित सन्दर्भबारे सूचना दिने खालका सङ्कथन एकाइलाई प्रतिज्ञप्तिसूचक एकाइ भनिन्छ भने यसप्रकारको सूचना नदिने खालका सङ्कथन एकाइलाई अप्रतिज्ञप्तिसूचक एकाइ भनिन्छ (गौतम, २०६८, पृ.५८०)। सङ्कथन विश्लेषणमा यसप्रकारका पक्षहरूको अध्ययन हुन्छ।

सङ्कथन विश्लेषणका विभिन्न आधारमध्ये लयव्यवस्था एउटा आधार हो । लय  तत्सम नेपाली शब्द हो । लयलाई गतिका रूपमा लिइएको पाइन्छ। एकमात्राबाट अर्को मात्रासम्म पुग्न लाग्ने समय नै लय हो। लयको उत्पत्ति गति, प्रवाह, यति, विरामको क्रमबद्ध सङ्घातबाट हुन्छ। गीतमा साङ्गीतिक अन्तरप्रवाह हुन्छ। यस्तो अन्तरप्रवाह ध्वनितत्त्वको व्यवस्थित संयोजनबाट हुन्छ, जुन लयका रूपमा रहेको हुन्छ। गीतको मूल्याङ्कन गर्ने महत्त्वपूर्ण आधार पनि लय नै हो। गीति सङ्कथनमा लयको अपिरहार्यता रहने विषयमा पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्तमा समान अवधारणा रहेको छ। यससम्बन्धी नेपाली र पाश्चात्य अभिमतलाई संश्लेषण गर्दा यो लय भाषिक स्वर व्यञ्जन वर्णका समान–असमान वर्ण, पङ्क्तिपङ्क्तिमा प्राप्त हुने विश्राम, तथा त्यसबाट सिर्जना हुने आलङ्कारिक अभिव्यञ्जना हो (त्रिपाठी र अन्य, २०४६, पृ. १८, अब्राम्स, सन् २००७, पृ. २७३, चाइल्ड र फाउलर, सन् २००५, पृ. २०७, बल्डिक, सन् २००५, पृ. २१९, (मुलर, १९५३, पृ. २०५, कडन, सन् २०१३, पृ. ६०८, थापा, २०६६, पृ. ५१, शर्मा, २०५५, पृ. १७५) । लयसम्बन्धी यस मान्यताको उपयोय गीतमा कतै विचलित, कतै अविचलित र कतै मिश्रित रूपमा गरिएको हुन्छ। उच्चारणगत, पङ्क्तिगत र शब्दगत समानता हुने वर्ण या शब्दहरूको प्रयोग भएका गीतहरूलाई नियमित लयव्यवस्थामा आधारित भनिन्छ भने यसको ठीक विपरीत वर्ण, मात्रा, अक्षर तथा पङक्तिहरूको समान वितरण नहुने लयव्यवस्था अनियमित लयव्यवस्था हो। त्यसैगरी दुई वा दुईभन्दा बढी प्रकारका लयहरूको व्यवस्थालाई मिश्रित लयव्यवस्था भनिन्छ । मिश्रित लय व्यवस्था भएका गीतहरूमा स्थायीमा एकप्रकारको र अन्तरमा अर्को प्रकारको लयढाँचा अपनाइएको हुन्छ । प्रस्तुत अध्ययनमा 'छेक्यो छेक्यो देउराली डाँडा' गीतमा लयव्यवस्थाको विश्लेषण गर्नाका लागि अनुच्छेद योजना र पङ्क्तिगत विन्यास, आवृत्ति/समानान्तरता, शाब्दिक सहविन्यास र भावसम्प्रेषण, विचलन र विलोपनलाई आधार बनाइएको छ। सङ्कथन

विश्लेषणका विभिन्न आधारहरू हुन्छन् । यस अध्ययनमा 'छेक्यो छेक्यो देउराली डाँडा' गीतको विश्लेषण लयविधानलाई मुख्य आधार बनाइएको छ । प्रस्तुत गीतमा लयविधानको विश्लेषण तलका उपशीर्षकमा गरिएको छ ।

## नतिजा र विमर्श

'छेक्योछेक्यो देउराली डाँडा' नेपथ्य समूहद्वारा निकालिएको गीत हो । प्रकृति र मानव सम्बन्धका आधारमा मानवीय मानसिकतामा उत्पन्न हुने संवेग र संवेदनाको अभिव्यञ्जना गरिएको यस गीतको अन्तर्वस्तु प्रेमजनित भावसम्प्रेषणमा आधारित रहेको छ । यस गीतमा नेपाली लोकभाकामा रहेका सुरलाई सुगम सङ्गीतमा प्रस्तुत गरी साङ्गीतिकता सिर्जना गरिएको छ । गीति संरचनामा स्थायी र अन्तराको यथोचित् पालना गरी नियमित लयविधानमा संरचित प्रस्तुत गीयमा लयतत्त्वको उचित र प्रभावकारी संयोजन भएको छ । यस गीतमा अनुच्छेद योजना र पङ्क्तिगत विन्यास, आवृत्ति/समानान्तरता,शाब्दिक सहविन्यास, विचलन र विलोपनको उचित संयोजन पाइन्छ । यिनैले नै गीतमा लयको सिर्जना पनि गरेका छन् । यस अध्ययनमा यिनैका आधारमा प्रस्तुत गीतको विश्लेषण गरिएको छ ।

## अनुच्छेद योजना र पङ्क्तिविन्यास

गीतमा पङ्क्तिविन्यासबाट लयको सिर्जना हुन्छ । 'छेक्यो छेक्यो देउराली डाँडा' गीत ११४ शब्द, १६ पङ्क्ति र ४ अनुच्छेदमा संरचित छ । जम्मा १६ पङ्क्तिमध्ये तेस्रो र चौँथो पङ्क्तिमा ५/५ शब्द रहेका छन् । त्यस्तै नवौ र दसौँ पङ्क्तिमा ६/६ शब्द, पहिलो, दोस्रो, चौथो, आठौँ, बाह्रौँ, तेह्रौँ, पन्ध्रौँ र साह्रौँ पङ्क्तिमा ७/७ शब्द, पाँचौँ र छैठौँ पङ्क्तिमा ८ शब्द, एघारौँ पङ्क्तिमा ९ शब्द र सातौँ पङ्क्तिमा ११ शब्द रहेका छन् । यी तथ्यहरूको आधारमा यस गीतमा शब्दगत र पङ्क्तिगत वितरण असमान, अनियमित र विविधतापूर्ण रहेको देखिन्छ । यो शास्त्रीय नियमको वर्णगत समानता र अनुप्रासमा आबद्ध नभई स्वतन्त्र तहबाट लयको संयोजन गरिएको गीति संरचना हो । यहाँ अकारण र निरुद्देश्य रूपमा वाक्यहरूलाई खण्डित गरेर पङ्क्तिहरूको अनियमित विन्यास गरिएको होइन । यस विन्यासले एकातिर भावको प्रवाहलाई निर्देशित गरिरहेको छ भने अर्कातिर गीतमा हुनुपर्ने लयात्मकतालाई पनि सूचित गरिरहेको छ । यस गीतमा लेखाइमा अनियमितता भए पनि गायनका सन्दर्भमा लय सङ्कुचन र लयविस्तारका कारण समान रूपमा सुनिन्छ । यहाँ एकालापीय रूपमा गीत गाइरहेको समाख्याताको मनोदशाको विभिन्न सन्दर्भ ल्याएर एक अनुच्छेदसँग अर्को अनुच्छेदको सम्बन्ध स्थापित गर्दै गीतको अन्त्य गरिएको छ ।

## आवृत्ति/समानान्तरता

आवृत्ति वा समानान्तरता लयविधानको अर्को महत्वपूर्ण आधार हो । गीति सङ्कथनमा समानवर्णदेखि समान शब्द, पदावली, वाक्यांश, वाक्य र अनुच्छेदहरू दोहोरिएर आउनु नै आवृत्ति हो । आवृत्तिले आद्यानुप्रास, मध्यानुप्रास र अन्त्यानुप्रासको भूमिका निर्वाह गर्छ । गीतमा वर्ण, पद, पदावली र वाक्यहरूको आवृत्तिबाट पनि विशेष प्रकारको ध्वनि सङ्गीतको सृष्टि हुन्छ । यसबाट आन्तरिक र बाह्य समानान्तरता तथा आनुप्रासीयतामा बृद्धि भई लयात्मकता निर्माण भएको हुन्छ । लघुत्तम भाषिक एकाइ वर्णका तहबाट हेर्दा यस गीतमा /ह/, /र/, /स/, /न/, /ड/,/छ/, /म/ र /य/ गरी ८ वटा वर्णको बढी आवृत्ति भएको छ । गीतमा /र/ वर्ण २७ पटक, /स/ वर्ण २४ पटक /न/ वर्ण २३ पटक, /य/ वर्ण २१ पटक /ह/ वर्ण १९ पटक, /छ/ /म/ वर्ण १५ पटक र /ड/ वर्ण १३ पटक आवृत्ति भएका छन् । यस आधारमा हेर्दा सिङ्गो गीति सङ्कथनमा /र/ प्रकम्पित, /स/ /ह/ सङ्घर्षी, /न/ /म/ नासिक्य, /य/ अर्धस्वर, /छ/ स्पर्शसङ्घर्षी र /ड/ स्पर्शी वर्णहरूको असमान आवृत्ति भएको छ । यस गीतमा /ओ/ /ए/ जस्ता स्वरवर्ण पनि अनेकौ पटक दोहोरिएका छन् । यी वर्णहरूको अधीकतम असमान आवृत्तिबाट गीतमा आफ्नै किसिमको लयको सिर्जना भएको छ ।

प्रस्तुत गीति सङ्कथनमा वर्णका साथसाथै शब्दहरूको पनि बारम्बार आवृत्ति भएको छ । यस गीति सङ्कठनमा छेक्यो शब्द १० पटक, हुस्सु, कुहिरो र देउराली शब्द ५/५ पटक, माया शब्द ४ पटक र गाजुलु र गोधुली शब्द २/२ पटक आवृत्ति भएका छन्, जसले गीतको अन्तर्लय उत्पादन गर्न सघाउ पु¥याएका छन् । त्यसै गरी यस गीतमा अनुप्रासीयताले पनि लयात्मकता सिर्जना गरेको छ । पहिलो र दोस्रो पङ्क्तिको अन्त्यमा आएका ‘कुहिरोले’ र ‘धुइरोले’ पाँचौँ र छैठौँ पङ्क्तिको अन्त्यमा आएका ‘चिस्याउने’ र ‘चिस्याउने’ शब्दले अन्त्यानुप्रासीयतालाई सशक्त बनाएका छन् भने पाँचौँ पङ्क्ति छैठौँ पङ्क्ति र सातौँ पङ्क्तिको बीचमा आएका नै, नै र नै ले मध्यानुप्रासीयतालाई देखाई लयात्मकता बढाएका छन् । त्यस्तै छैठौँ र सातौँ पङ्क्तिको प्रारम्भमा आएका ‘झरनाको’ र ‘मायाको’ शब्दमा ‘को’ को समान वितरणले गीतलाई विशेष बनाएका छन् । त्यसैगरी यस गीतमा वाक्यांश र वाक्यका तहमा पनि आवृत्ति पाइन्छ । यस गीतको रहनी वा स्थायी अंश ‘छेक्यो छेक्यो देउराली डाँडा हुस्सु र कुहिरोले, छोडेन कहिल्यै जा गए पनि मायाको धुइरोले’ रहेको छ र यसले पनि लयलाई कलात्मक बनाउनका साथै विषयलाई बारम्बार सम्झिन मदत पु¥याएको देखिन्छ । यसरी प्रस्तुत गीति सङ्कथनमा भाषाको लघुत्तम एकाइ वर्णदेखि वाक्यांश र वाक्यसम्मको आवृत्तिले लयको साङ्गीतिक प्रवाह सिर्जना गरेको छ ।

**शाब्दिक सहविन्यास र भावसम्प्रेषण**

स्वतन्त्र रूपमा प्रयोग गर्न सकिने अर्थयुक्त भाषिक एकाइलाई शब्द भनिन्छ । सङ्कथन भाषामा टेकेर गरिने अर्थको खोजी हो । सङ्कथनात्मक अभिव्यक्तिमा रहेका शब्दहरूको पारस्परिक, श्रृङ्खला र तिनीहरूको साहचर्यबाट सङ्कथनको आशय स्पष्ट हुन्छ । कुनै पनि सङ्कथनात्मक अभिव्यक्तिको आशय बोध गर्न शब्दहरूको आवृत्ति, तिनीहरूको पारस्परिक साहचर्य आदिलाई आधार बनाउनु पर्छ । शब्दको आशय पूर्वापर प्रसङ्गबाट पनि खुल्दछ । जम्माजम्मी १६ पङ्क्तिमा संरचित प्रस्तुत ‘छेक्यो छेक्यो देउराली डाँडा’ गीति सङ्कथनमा ११४ वटा शब्द रहेका छन् । ५, ६, ७, ८, ९ र ११ शब्दसम्मका पङ्क्तिबाट विन्यास गरिएको यस गीतमा पहिलो, दोस्रो, चौथो, आठौँ, बाह्रौँ, तेह्रौँ, पन्ध्रौँ र सोह्रौँ पङ्क्तिमा ७ शब्द, तेस्रो र चौधौँ पङ्क्तिमा ५ शब्द, पाँचौँ र छैटौँ पङक्तिमा ८ शब्द, सातौँ पङ्क्तिमा ११ शब्द, नवौ र दशौँ पङ्क्तिमा ६ शब्द, एघारौँ पङ्क्तिमा ९ शब्द रहेका छन् । असमान शब्द तथा पङ्क्तिविन्यास भए पनि यसमा अन्तर्सङ्गीतसहित गीतको निजत्त्वपूर्ण प्रवाह सिर्जना भएको छ ।

प्रस्तुत गीति सङ्कथनको पहिलो अनुच्छेदको पहिलो पङ्क्ति समाख्याताको परिस्थिति तथा मनस्थितिको प्रेरक सन्दर्भका रूपमा आएको छ । भावानुभूतिको प्रेरक र कारकका रूपमा देउराली डाँडा रहेको देखिन्छ । जसरी देउराली डाँडालाई जहिले पनि अर्थात् हरेक ऋतुमा हुस्सु र कुहिरोले ढाक्छ त्यसैगरी समाख्याता युवकलाई पनि मायाको धुइरोले छोपेको छ भने अर्कातिर नजिकै रहेको घरको झ्यालबाट कुनै युवतीले उसलाई हेरेकी छे । यही विचार व्यक्त गर्न प्रस्तुत गीति सङ्कथनको पहिलो अनुच्छेदका वाक्यहरू एक आपसमा सम्बद्ध रहेका छन् । युवक र युवतीमा एकअर्काबीच अनुराग छ तर दुबैले सोझै अभिव्यक्त गर्न सकेका छैनन् । युवतीले अन्य हाउभाउबाट व्यक्त गरेकी छे । त्यो हाउभाउ चाहिँ झ्यालमा बसेर युवकलाई जिस्क्याउनु हो । समाख्याताको आत्ममूल्याङ्कन मार्फत् यसमा युवतीले नजिकै गएर भन्न नसक्नु कुनै घरायसी, सामाजिक अथवा अन्य कुनै बाध्यात्मक परिस्थिति हो वा उसको युवापन वा अपरिपक्वता हो । युवतीको युवकप्रति अनुराग वा प्रेम छ किनभने जुनसुकै युवकलाई झ्यालमा बसेर जिस्क्याइँदैन भन्ने भाव पहिलो अनुच्छेदमा पाइन्छ । गीतको स्थायी समेत रहेको प्रस्तुत अनुच्छेदको आवृत्ति भएको छ ।

गीतको दोस्रो अनुच्छेदमा आफूले मन पराउने मायाको बोली निकै मीठो रहेको भाव एकातिर व्यक्त भएको पाइन्छ भने त्यसको लगत्तै पछि त्यस्तो बोलीले मुटु नै बिझाउन सक्ने विचार पनि व्यक्त गरिएको छ । यसको पहिलो अनुच्छेदमा मायाले आफूलाई झ्यालबाट जिस्क्याउने कुरा आएको र दोस्रो अनुच्छेदमा आफूलाई पनि मायाको बोली मीठो लागेको

सन्दर्भ आएकाले पहिलो र दोस्रो अनुच्छेदबीच अर्थगत सम्बद्धता कायम रहेको पुष्टि हुन्छ । यहाँ प्रारम्भमा युवकले युवतीलाई मन पराउँछ अनि युवतीले पनि उसको मनोविज्ञानलाई बुझेर विभिन्न क्रियाप्रतिक्रिया (जस्तै : जिस्क्याउनु, मीठो बोली बोल्नु) मार्फत सहमति जाहेर गर्छे । युवतीको समर्थन पाएपछि युवकको मन नै बिजाउँछ । यहाँ जोकोहीलाई पनि पहिला मायाको समर्थन पाउन गाह्रो हुन्छ र पछि समर्थन पाइसकेपछि सम्हाल्न गाह्रो हुन्छ भन्ने भाव व्यक्त भएको छ ।

यस गीति सङ्कथनको तेस्रो अनुच्छेदमा पनि युवकको एकातिर प्रेम र अर्कोतिर पीडा अभिव्यक्त भएको छ । 'गोधुली साँझमा न्याउली गाउँछे पीडाहा भाकैमा दिल बस्यो लैन हसिलो मुहार गाजुलु आँखैमा' भनेर समाख्यानाले एकातिर न्याउलीको प्रसङ्ग ल्याएर विछोड हुनु पर्ने त होइन भन्ने कुरालाई र अर्कातिर गाजुलु आँखैमा दिल बस्यो भनेर युवकको युवतीप्रतिको अनुरागलाई सङ्केत गरेको छ । यहाँ प्रारम्भमा न्याउली चरीको प्रसङ्गले युवकलाई पीडा बोध भएको छ ; कतै मेरो मायासँग विछोड हुनु पर्ने त होइन भन्ने लागेको छ तर 'दिल बस्यो लौन हसिलो मुहार गाजुलु आँखैमा' भनेर युवकले आफूले पीडा बोध नगर्ने, हतास नहुने र मायाका लागि जस्तोसुकै परिस्थितिसँग पनि जुध्ने निर्णय गरेको भाव यस अनुच्छेदका माध्यमबाट व्यक्त भएको छ । अतः यस गीति सङ्कथनको दोस्रो अनुच्छेदमा व्यक्त भएको युवतीको युवकप्रतिको प्रेम र यस तेस्रो अनुच्छेदमा युवकले पनि युवतीका निम्ति जस्तो सुकै परिस्थितिसँग जुध्न सक्ने आशय व्यक्त गरेकाले अघिल्लो अनुच्छेद र यस अनुच्छेदका भावबीच सम्बद्धता देखिन्छ ।

प्रस्तुत गीति सङ्कथनको चौथो अनुच्छेद पहिलो अनुच्छेद कै आवृत्ति भएर आएको छ र यसले पनि युवक र युवतीको एकअर्का बीचको अनुरागलाई नै जोड दिएको छ । यसरी यस गीतमा विभिन्न सन्दर्भ र उदाहरण दिँदै युवक र युवतीबीचको एकअर्काप्रतिको प्रेममा लगेर टुङ्ग्याइएको छ ।

प्रस्तुत गीति सङ्कथन पहाडी जीवनको अर्थात् लोकजीवनको स्वभाविक अभिव्यक्तिका रूपमा आएकाले यसमा कथ्य भाषाको पनि प्रयोग गरिएको छ । यसमा लोककला अनुकूल लयबद्ध गरेर सङ्गीतात्मक रूप दिनाका लागि शब्दावलीहरूलाई लय सुहाउँदो बनाउने प्रयास गरिएको छ । लय मिलाउन कुनै शब्दलाई त कुनै वर्णलाई तन्काएर (कहिलेइ) भन्नु पर्ने हुन्छ । यसमा सोही बमोजिम वर्णलाई तन्काइएको छ ।

**विचलन**

प्रचलित व्याकरणात्मक नियमभन्दा भिन्न अर्थात् व्याकरणात्मक नियममाथिको अतिक्रमण नै विचलन हो । साहित्यमा नियमहरूको सार्थक अतिक्रमण गरी भाषिक सौन्दर्य र नयाँ सम्भावनाको खोजी गरिन्छ । विचलनले गीति सङ्कथनमा लयात्मकता सिर्जना गर्छ । प्रस्तुत 'छेक्यो छेक्यो देउराली डाँडा' गीति सङ्कथनमा व्याकरणिक विचलनका माध्यमबाट मुक्तलयको सिर्जना गरिएको छ । गीतको पहिलो र तेस्रो अनुच्छेदमा यस प्रकारको विचलन देखिन्छ :

छेक्यो छेक्यो देउराली डाँडा हुस्सु र कुहिरोले
छोडेन कहिलेइ जागए पनि मायाको धुइरोले ।

उक्त गीति अंश नेपाली व्याकरणको मानक नियमअनुसार रहेको छैन । यसमा प्रचलित पदक्रमका तहमा विचलन आएको छ । यसलाई प्रचलित पदक्रम (कर्ता, कर्म र क्रिया) को मानक अनुक्रममा रूपान्तरण गर्दा संरचना यस्तो हुन्छ :

हुस्सु र कुहिरोले देउराली डाडाँ छेक्यो छेक्यो ।
मायाको धुइरोले जा गए पनि कहिल्यै छोडेन ।

माथिको संरचनामा सामान्यतः अर्थगत भिन्नता छैन तर गीतिमय व्यवस्था प्रभावित भएको छ । गीतकारले विचलनका माध्यमबाट 'छेक्यो', 'देउराली डाँडा', 'कुहिरोले', 'मायाको' जस्ता शब्दलाई जोड दिएका छन् र यी शब्दमा परेको बलाघातका कारण विशेष अन्तर्लयको सिर्जना भएको छ ।

त्यसैगरी प्रस्तुत गीति सङ्कथनको तेस्रो अनुच्छेदमा पनि व्याकरणिक विचलन पाइन्छ । जस्तै :

गोधुली साँझमा न्याउली गाउँछे पीडाह भाकैमा
दिल बस्यो लौन हसिलो मुहार गाजुलु आँखैमा ।

उक्त गीति अंश पनि नेपाली भाषाको मानक नियमअनुसार रहेको छैन । यसमा प्रचलित व्याकरणका तहमा विचलन आएको छ । यसलाई मानक अनुक्रममा यसरी रूपान्तरण गर्न सकिन्छ :

गोधुली साँझमा न्याउली पीडाह भाकैमा गाउँछे ।
हँसिलो मुहार गाजलु आँखैमा लौन दिल बस्यो ।

माथिको गीति सङ्कथनमा पनि अर्थगत भिन्नता छैन तर गीतिलय व्यवस्था प्रभावित छ । यसमा पनि गीतकारले व्याकरणिक विचलनका माध्यमले खासखास शब्दमा जोड दिएर विशिष्ट लयको सिर्जना गरेका छन् । यस दृष्टिले सङ्कथनमा अर्थलाई विशिष्ट तुल्याउन लयले पनि विशेष भूमिका निर्वाह गर्न सक्छ भन्ने स्पष्ट हुन्छ ।

**विलोपन**

कुनै पनि संरचनालाई पटकपटक प्रयोग नगरी अर्थ ग्रहण गर्ने प्रक्रियालाई विलोपन भनिन्छ । विलोपनमा अर्थका सहचार सम्बन्ध भने रहिरहेको हुन्छ तर भाषिक संरचनामा भने उपस्थित हुँदैन । प्रस्तुत 'छेक्यो छेक्यो देउराली डाँडा' गीति सङ्कथनको अभिव्यक्ति समाख्याता युवकद्वारा भएको छ । यस गीति सङ्कथनको अध्ययन गर्दा विभिन्न शब्दहरूको लोप पनि भएको देखिन्छ । प्रयुक्त शब्दहरूको अर्थ साहचर्यका सन्दर्भलाई केलाउँदा पहिलो पङ्क्तिदेखि अन्तिम पङ्क्तिसम्म निम्नानुसारको भाषिक रूप फेला पर्छ :

छेक्यो छेक्यो देउराली डाँडालाई हुस्सु र कुहिरोले
छोडेन कहिलेई मलाई जा गए पनि उनको मायाको धुइरोले
तिमीले मलाई झ्यालैमा बसेरै लहै जिस्क्याउनु पर्दैन
छेक्यो छेक्यो देउराली डाँडालाई हुस्सु र कुहिरोले ।

× × ×

झरनाको पानी हि सारो चिसो मेरो गला नै चिस्याउने
झरनाको पानी हि सारो चिसो मेरो गला नै चिस्याउने
मायाको बोली हि सारो मीठो मेरो मुटु नै बिजाउने, मेरो मुटु नै बिजाउने
छेक्यो छेक्यो देउराली डाँडालाई हुस्सु र कुहिरोले ।

× × ×

गोधुली साँझमा न्याउलीले गाउँछे पीडाह भाकैमा
गोधुली साँझमा न्याउलीले गाउँछे पीडाह भाकैमा

मेरो दिल बस्यो लौन उनको हसिलो मुहार गाजुलु आँखैमा उनको गाजलु आँखैमा
छेक्यो छेक्यो देउराली डाँडालाई हुस्सु र कुहिरोले
छोडेन कहिलेइ मलाई जा गए पनि उनको मायाको धुइरोले

× × ×

तिमीले झ्यालैमा बसेर लहै मलाई जिस्क्याउनु पर्दैन
छेक्यो छेक्यो देउराली डाँडालाई हुस्सु र कुहिरोले ।
छोडेन कहिलेई मलाई जा गए पनि तिम्रै मायाको धुइरोले ।४।

प्रस्तुत गीति सङ्कथनको पहिलो अनुच्छेदमा समाख्याता युवकलाई बुझाउने 'मलाई' र प्रेमिकालाई जनाउने 'उनको' शब्दको लोप भएको छ । त्यसैगरी झ्यालैमा बसेर युवकलाई जिस्क्याउने युवतीलाई जनाउने 'तिमी' को लोप भएको छ । त्यस्तै दोस्रो अनुच्छेदमा झरनाको पानीले गला चिसो भएको युवकलाई जनाउने 'मेरा' ़ शब्दको लोप भएको छ । त्यसैगरी युवतीको हँसिलो मुहारमा दिल बसेको युवकलाई बुझाउन प्रयोग हुने 'मेरो' र गाजलु आँखा भएकी प्रेमिकालाई बुझाउन प्रयोग गरिने 'उनको' शब्दको लोप भएको छ । त्यसैगरी 'ले' 'मलाई' 'उनको' 'तिम्रो' जस्ता शब्दहरूको पनि लोप भएका छन् । समग्रमा यस गीति सङ्कथनमा युवक, युवती, परिवेश आदिलाई बुझाउने कतिपय शब्द विलोपन भए पनि शब्द, पदावली तथा वाक्यको पूर्वापर प्रसङ्गले गीतमा अभिव्यक्त अर्थ सजिलै प्रकट भएको छ ।

**निष्कर्ष**

नेपाली गीत सङ्गीतमा क्षेत्रमा महत्त्वपूर्ण योगदान दिने नेपथ्य समूहद्वारा निकालिएको 'छेक्यो छेक्यो देउराली डाँडा' गीतमा रहेका पङ्क्तिविन्यास, आवृत्ति/समानान्तरता, शाब्दिक सहविन्यास र भावसम्प्रेषण, विचलन र विलोपनले लयको निर्माण गरेका छन् र गीतमा लयले गीतलाई सम्बद्ध तुल्याएको छ । यसमा पङ्क्तिको उचित विन्यास भएको छ । लघुत्तम एकाइ वर्णदेखि, शब्द, वाक्यांश र वाक्यको आवृत्तिले लयको साङ्गीतिक प्रवाह सिर्जना भएको छ । त्यसैगरी यसमा गीतकारले व्याकरणिक विचलनका माध्यमले खासखास शब्दमा जोड दिएर विशिष्ट लयको सिर्जना गरेका छन् । अतः यस गीति सङ्कथनमा भाषिक विचलन लयनिर्माणको प्रमुख आधार बनेको छ । त्यसैगरी यस गीतमा युवक, युवती र परिवेशलाई बुझाउने कतिपय शब्द विलोपन भए पनि शब्द, पदावली तथा वाक्यको पूर्वापर प्रसङ्गले गीतमा सजिलै अर्थ प्रकट भएको छ । यस गीति सङ्कथनमा समाख्याता पात्रले एकालापीय शैलीमा अभिव्यक्ति दिइरहेको छ । उसलाई झ्यालमा बसेर युवतीले जिस्क्याइरहेको र त्यसलाई युवकले सकारात्मक रूपमा बुझेको र आफ्नो पनि प्रणय भाव रहेको निष्कर्षसहित गीत टुङ्गिएको छ ।

**सन्दर्भसामग्री**

एटम, नेत्र, २०७४, *सङ्क्षिप्त साहित्यिक शब्दकोश*. नेपाल प्रज्ञा प्रतिष्ठान ।

गौतम, देवीप्रसाद (२०६८). सङ्कथन विश्लेषण. *रत्न बृहत् नेपाली समालोचना* (सम्पा. राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम) सैद्धान्तिक खण्ड. रत्न पुस्तक भण्डार. पृ. ५७१–५९१ ।

गौतम, देवीप्रसाद (२०६८). गीति संरचनाको सङ्कथन विश्लेषण. *रत्न बृहत् नेपाली समालोचना* (सम्पा. राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम). प्रायोगिक खण्ड. रत्न पुस्तक भण्डार. पृ. ४७३–४८१ ।

घिमिरे, वासुदेव. (२०६९). *सङ्कथन विश्लेषण*. कीर्तिपुर : इन्टेलेक्चुअल्ज बुक प्यालेस ।

त्रिपाठी, वासुदेव र अन्य (२०४६). *नेपाली कविता* भाग ४, साझा प्रकाशन ।

थापा, मोहनहिमांसु (२०६६). *साहित्यपरिचय* (पाँचौं संस्क.), साझा प्रकाशन ।

शर्मा, मोहनराज (२०५५). *समकालीन समालोचना सिद्धान्त र प्रयोग*, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

Abrams, M.H..(1999). *A glossary of Literary term* (7th ed). Heinel and Heinel.

Baldick, C. (2001). *The Concise Oxford Dictionary of Literary Terms* (2nd ed.), Oxford University Press.

Child, P. & Rose Flower.(2006). *The Routledge Dictionary of Literary terms*. (3th ed). Routledge publications. https://doi.org/10.4324/9780203462911

Cuddan, J. A.. (2013). *Dictionary of Literary Terms & Literary Theory*. (5th ed.), Wiley-Blackwell.

Muller, G. (1953). *Morphological Poetries*. U.S.A. : Blackhole Publication.

Ruben E. at.all (2014). 'Nicanor Parra: The Physicist Who Made a Significant Contribution to the Literary World'. *Hipertexto* 19 Invierno. pp. 63-82.